# कर्णाली प्रदेश समन्वय परिषद्ले हालसम्म गरेका निर्णयहरु

## पहिलो बैठक

**मितिः २०७५ माघ १४ र १५ गते**

| *सि.नं.* | *निर्णय* |
|---|---|
| १ | ३४ बुँदे साझा प्रतिवद्दता पत्र जारी गरिएको |

## दोस्रो बैठक

**मितिः २०७६ पुष १० र ११ गते**

| *सि.नं.* | *निर्णय* |
|---|---|
| १ | परिषद्को पहिलो बैठकमा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न बाँकी विषयहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै लैजाने । |
| २ | प्रदेश र स्थानीय तहबीच कानुन तर्जुमा, योजना निर्माण, राजस्व सङ्कलन लगायतका विषयमा समन्वय गर्न परिषद्को सम्पर्क विन्दु परिषदको सदस्य सचिवरहने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सम्पर्क ईकाइ रहने । नीतिगत लगायतका विविध विषयमा स्थानीय तहले प्रदेश सरकारसँग र प्रदेश सरकारले स्थानीय तहसँग यसै ईकाई मार्फत सम्पर्क कायम गर्ने |
| ३ | मध्यमकालीन खर्च संरचना र आ-आफ्नो तहको आवधिक योजना र प्रोफाइल समन्वयात्मक रुपमा तयार गरी कार्य गर्ने र यसलाई प्रदेश सरकारमा समेत पठाउने । यो योजना निर्माण गर्दा दीर्घकालीन सोच सहित तयार भएको पन्ध्रौं योजनाले निर्धारण गरेको राष्ट्रिय सोच, लक्ष्य र उद्देश्यसँग तादाम्यता कायम गर्ने |
| ४ | राजस्व सङ्कलन र बजेट खर्चको विषयमा स्थापित विधिलाई पालन गर्ने। बाँडफाँट गर्नुपर्ने राजस्व अनिवार्य रुपमा विभाज्य कोषमा राख्ने व्यवस्था मिलाई तोकिए बमोजिम बाँडफाँट गर्ने कार्य सञ्चालनमा संघ, प्रदेश र स्थानीय तहले पारित गरेका ऐन कानुनहरुको र अन्य संवैधानिक निकायहरुबाट प्राप्त निर्देशनहरुको पालनामा संवेदनशील रहने |
| ५ | प्रदेश सरकारले पारित गरेका नीति कार्यक्रम तथा बजेट अन्य महत्वपूर्ण नीति निर्णयका विषयहरु जिल्ला समन्वय समिति र स्थानीय तहमा पठाउने तथा स्थानीय तहका नीति कार्यक्रम तथा बजेट लगायतका विषयहरु नियमित रुपमा प्रदेश सरकार र जिल्ला समन्वय समितिमा पठाउने व्यवस्था मिलाउने । |
| ६ | प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमका लागि स्थानीय तहबाट योजना निर्माणका चरणहरु पुरा गरी तयार भएका योजनाहरुलाई समावेश गर्न एक आपसमा अन्तरक्रिया र छलफललाई सघन पारिने । |
| ७ | प्रदेश सरकारका र स्थानीय तहले आ-आफ्नो तहमा संचालनमा रहेका सबै योजना तथा कार्यक्रमको अनुगमनमा जिल्ला समन्वय समितिलाई समावेश गर्ने व्यवस्था मिलाउने । |
| ८ | सूचना तथा तथ्याङ्कको सङ्कलन तथा उपयोगमा एकरुपताका लागि स्थानीय तह र प्रदेश सरकारले संयुक्त रुपमा काम गर्न मिल्ने प्रकृतिको सफ्टवेयर प्रदेश सरकारले विकास गरी प्रयोगमा ल्याउने । |

| *सि.नं.* | *निर्णय* |
|---|---|
| ९ | प्रदेशमा शान्ति सुरक्षाको सम्बन्धमा प्रदेश सरकारले नेपाल सरकारसँग उचित समन्वय गरी सुधार गर्न तत्काल पहल गर्ने । |
| १० | भ्रष्टाचार निवारण ऐन, २०५९ मा भएको व्यवस्था बमोजिम सम्पूर्ण पदाधिकारीहरुले आ-आफ्नो सम्पत्ति विवरण बुझाउनु पर्ने भएकोले यो विषयलाई पूर्ण रुपमा कार्यान्वियन गर्ने गराउने। |
| ११ | नेपाल भ्रमण वर्ष २०२० लाई भव्य रुपमा सम्पन्न गर्न आ-आफ्नो क्षेत्रमा प्राथमिकताका साथ विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने । |
| १२ | बालबालिका, महिला, दलित, जनजाती, अल्पसंख्यक, घाइते, अपाङ्गता भएका व्यक्ति, अति विपन्न, जोखिममा रहेका एवं पछि परेका वर्ग र समुदायको उत्थान र विकासमा प्रदेश सरकार तथा स्थानीय तहले अनुभूत हुने गरी प्रभावकारी कार्यक्रमहरु प्राथमिकताका साथ सञ्चालन गर्ने। |
| १३ | आ आफ्नो-कार्यक्षेत्रमा संघ, प्रदेश र स्थानीय सरकारका विकासका योजना तथा कार्यक्रमहरुमा सबैले अपनत्व ग्रहण गरी कार्यान्वयनमा अधिकतम सहजीकरण गर्ने । |
| १४ | एक वर्ष भित्र प्रदेशलाई साक्षर प्रदेश बनाउनुपर्ने भएकोले यसलाई उच्च प्राथमिकतामा राखी प्रदेश र स्थानीय तहले समन्वयात्मक ढङ्गले काम गरी प्रदेशलाई साक्षर तुल्याउने । |
| १५ | स्थानीय तहले सम्पादन गर्नुपर्ने न्यायिक विषयमा सहजीकरण गर्न प्रत्येक स्थानीय तहलाई आवश्यकता अनुसार कानुनी सहायता उपलब्ध गराउन प्रदेश सरकारले शीघ्र निर्णय गर्ने । |
| १६ | सबै प्रकारका सामाजिक कुरीति तथा विसङ्गतिहरुको न्यूनीकरण गर्नको लागि प्रदेश सरकार र स्थानीय तहहरुले सघनरुपमा कार्यक्रमहरु सञ्चालन गर्ने। |
| १७ | कर्णाली प्रदेशलाई दुई वर्ष भित्र अर्ग्यानिक प्रदेश बनाउने तर्फ प्रदेश सरकार एवं स्थानीय तहहरुले आफ्ना कार्यक्रमहरु केन्द्रीत गर्ने |
| १८ | वर्तमान शिक्षा प्रणालीलाई व्यवहारिक एवं जीवनोपयोगी बनाउन नयाँ पाठ्यक्रम निर्माण गरी लागु गर्ने प्रारम्भिक बाल विकास र बालबालिकाको शिक्षादीक्षामा विशेष जोड दिने । |
| १९ | श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्दै सामाजिक सुरक्षा सहितको श्रम सहकारी र श्रम कार्यदलबाट श्रम क्षेत्रमा जनशक्तिलाई आकर्षित गरी साना सार्वजनिक निर्माण र उत्पादन कार्यक्रमहरु अभियानको रुपमा सञ्चालन गर्ने। |
| २० | दैनिक कार्य सञ्चालनमा सुशासनका विषयहरुलाई संवेदनशील रुपमा ग्रहण गरी आम नागरिकले प्राप्त गर्ने सेवालाई प्रभावकारी बनाउन अधिकतम प्रयास गर्ने । |
| २१ | दीगो विकासका १७ वटै लक्ष्य हासिल गर्न प्रदेश र स्थानीय तहमा विषयगत समितिहरु निर्माण गरी विषयलाई आन्तरिकीकरण गर्दै कार्यान्वयनलाई अगाडि बढाउने |

## <u>तेस्रो बैठक</u>

**मितिः २०७७ चैत्र २८ गते**

| *सि.नं.* | *निर्णय* |
|---|---|
| १ | सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय एवं अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ को उपदफा (१) बमोजिम गठित प्रदेश समन्वय परिषद् कर्णालीका सदस्यलाई परिषद्को प्रथम बैठकमा स्वागत गरियो। |
| २ | सङ्घ, प्रदेश र स्थानीय तह ऐन (समन्वय एवं अन्तरसम्बन्ध), २०७७ को दफा २५ बमोजिमको प्रदेश समन्वय परिषद्को संरचना तथा काम, कर्तव्य र अधिकारका बारेमा बैठकमा जानकारी गराइयो। |
| ३ | बैठकमा प्रस्तुत भएको प्रदेश समन्वय परिषद् बैठक (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ स्वीकृत गर्ने। |
| ४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ बमोजिम गठित प्रदेश समन्वय परिषद्को मिति २०७५ माघ १४ र १५ गते तथा मिति २०७६ पुस १० र ११ गते भएका बैठकहरुले गरेका प्रतिबद्धता तथा निर्णयहरुको समीक्षा गरियो। |
| ५ | प्रदेश र स्थानीय तहका आयोजनाहरुमा दोहोरोपना आउन तथा अनियमितता हुन नदिन प्रदेशभित्र रहेका सम्पूर्ण स्थानीय तहले वडाहरुका योजना/आयोजनाहरुको एकीकृत योजना किताव तयार गर्नको लागि आयोजनाको विवरण भौतिक पूर्वाधार विकास मन्त्रालयमा पेश गर्ने। सोही आधारमा प्रदेशस्तरबाट स्थानीय तहमा सञ्चालन हुने विकास आयोजनाहरु कार्यान्वयन हुनेगरी विद्युतीय प्रणाली विकास गरी प्रयोगमा ल्याउन स्थानीय तहको एकीकृत विद्युतीय परियोजना बैंक विकास गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमले आवश्यक तयारी गर्ने । |
| ६ | स्थानीय तहले आ-आफ्नो तहको विकास गुरुयोजना तयार गरी प्रदेश र सङ्घीय सरकारलाई जानकारी गराउने र सोही गुरुयोजनाका आधारमा वार्षिक बजेट तथा कार्यक्रमहरु तर्जुमा गरी स्थानीयस्तरमा हुने विकास व्यवस्थापन गर्ने। |
| ७ | संघ र प्रदेश सरकारको बजेट तथा कार्यक्रम समेतका आधारमा स्थानीय तहले आयोजनाहरुको दोहोरो नपर्ने गरी एक अर्ब रुपैयाँ भन्दा माथिका ठूला योजना संघीय सरकारलाई एक करोड रुपैयाँ भन्दा माथी एक अर्बसम्मका योजना निर्माणकालागि प्रदेश सरकारलाई लेखी पठाउने। एक करोड रुपैयाँ सम्मका आयोजना सम्वन्धित स्थानीय तहले कार्यान्वयन गर्ने गरी आगामी आर्थिक वर्ष २०७८।०७९ को बजेट तथा कार्यक्रम तयार गर्ने। |
| ८ | आ-आफ्नो कार्यक्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय सरकारका विकासका योजना तथा कार्यक्रमहरुमा सबैले अपनत्व ग्रहण गरी कार्यान्वयनमा अधिकतम समन्वय तथा सहजीकरण गर्ने। |

**<u>चौंथो बैठक</u>**

**मितिः २०७८ असार २५ गते**

| *सि.नं.* | *निर्णय* |
|---|---|
| १ | कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ०७८/०७९ को नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश समन्वय परिषद्का पदाधिकारीहरूले आ-आफ्नो जिल्ला भित्र अन्तर्किया, पृष्ठपोषण आदानप्रदान, समन्वय बैठक लगायतका कार्यक्रम मार्फत सहजीकरण गर्ने। |
| २ | मुख्यमन्त्री रोजगार कार्यक्रम, एकीकृत वस्ती विकास कार्यक्रम, कर्णाली उज्यालो कार्यक्रम लगायतका प्रदेश विशेष कार्यक्रमहरुको प्रभावकारी एवं परिणाममुखी कार्यान्वयनका लागि कर्णाली प्रदेश सरकारलाई देहायका सुझाव दिनेः<br>क. प्रदेश विशेष कार्यक्रमहरूको कार्यान्वयन निर्देशिका/कार्यविधि/मापदण्डहरू सहभागितामुलक रूपमा तर्जुमा तथा सरोकारवालाहरूसंग परामर्श गरी कार्यान्वयन गर्ने।<br>ख. आ.ब.०७८/०७९ मा मुख्यमन्त्री रोजगार कार्यक्रमलाई दिगो एवम् स्वरोजगारमुलक रूपमा समेत कार्यान्वयन हुने गरी नमूना कार्यक्रमको रूपमा सञ्चालन गर्दा प्रभावकारी हुने।<br>ग. एकीकृत बस्ती विकास कार्यक्रमलाई एक जिल्ला एक नमूना एकीकृत वस्ती विकासको रूपमा स्थानीय तह र जनताको साझेदारीमा कार्यान्वयन गर्दा प्रभावकारी हुने।<br>घ. दलित/महिला आयआर्जन कार्यक्रमलाई उपयुक्त सूचकका आधारमा विशेष समूह निर्माण गरी स्वरोजगार र आयआर्जनका क्रियाकलापमा केन्द्रित भई कार्यान्वयन गर्दा प्रभावकारी हुने।<br>ङ. अधिकतम् लक्षित वर्ग समेटिने, स्वरोजगार/आयआर्जन सृजना हुने सूचक समेटी सहभागितामुलक रूपमा कार्यविधि निर्माण गरी व्याज अनुदान साझेदारी कार्यक्रम सञ्चालन गर्दा प्रभावकारी हुने ।<br>च. राष्ट्रिय विद्युत प्रशारण लाईन नपुगेका स्थानका अधुरा आयोजना, साझेदारी रूपमा सञ्चालन हुने आयोजना, विद्युत सहकारीमा रुपान्तरण भइ सञ्चालन तथा ब्यवस्थापन हुने आयोजना, पूँजी अभावका कारण निर्माण अलपत्र परेका आयोजनाहरूलाई उत्पादन क्षमता, हालको कार्यप्रगति, लाभान्वित जनसङ्ख्या, अन्य विद्युत पहुँचको सम्भावना समेतका आधारमा छनौट गरी हाइड्रो, माइक्रोहाइड्रो, वैकल्पिक उर्जा र सौर्य उर्जाका योजनाहरू कर्णाली उज्यालो कार्यक्रम मार्फत लगानी गर्दा प्रभावकारी हुने। |
| ३ | मुख्यमन्त्री कार्यालयमा रहेको प्रदेश समन्वय परिषद्को सचिवालयलाई प्रदेश र स्थानीय तहसंग प्रभावकारी समन्वय, सहकार्य, प्रतिवेदन, सूचना आदानप्रदान तथा स्पष्ट सम्पर्कविन्दुको रुपमा सङ्घ, प्रदेश तथा स्थानीय तह समन्वय शाखाको रुपमा विकास गरी अन्तर सरकार सम्पर्क तथा समन्वयलाई प्रभावकारी बनाउने |
| ४ | जिल्ला समन्वय समिति, स्थानीय तहहरूले कानूनतः तोकिएका जानकारी, सूचना तथा प्रतिवेदन यथासमयमा निर्णय नं ३ बमोजिमको शाखामा पत्राचार गर्ने। |

**पाँचौ बैठक**

**मितिः २०७८ माघ १३ गते**

| *सि.नं.* | *निर्णय* |
|---|---|
| १ | कर्णाली प्रदेश समन्वय परिषद्को पहिलो, दोस्रो, तेस्रो र चौथो बैठकका निर्णयहरु र सोको कार्यान्वयन सम्बन्धमा पुनरावलोकन गरियो। |
| २ | प्रदेश तथा स्थानीय तहले कार्यान्वयन योग्य आयोजनाहरुको आयोजना बैंक तयार गर्ने। स्थानीय तहले प्रदेशबाट कार्यान्वयन गर्न गरिएका आयोजनाहरु प्रदेश आयोजना बैंकमा समावेश गर्न लेखी पठाउने। प्रदेश तथा स्थानीय तहले आयोजना छनोट गर्दा आयोजना बैंकमा समावेश भएका आयोजनालाई छनोट प्राथमिकता दिने। |
| ३ | प्रदेश तथा स्थानीय तहमा आयोजना छनोट तथा कार्यान्वयनमा दोहोरोपना हटाउन, आयोजनाहरुबीच तादाम्यता र सामञ्जस्यता कायम गर्नका लागि स्थानीय तहले कार्यान्वयन गर्ने आयोजनाहरुको सूची प्रदेश आयोजना बैंङ्कमा पठाउने। प्रदेश तथा स्थानीय तहले आयोजना छनौट गर्दा दोहोरोपना नहुने गरी छनौट गर्ने। यसका लागि प्रदेश सरकारबाट पठाइएका योजनाहरुमा दोहोरोपना परेका, असान्दर्भिक देखिएका तथा बजेट र आयोजना बीच तालमेल नभएका आयोजनाहरुको सूची लिखित रुपमा प्रदेश सरकारलाई सुधारका लागि पठाउने। |
| ४ | प्रदेश तथा स्थानीय तह बीच आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा प्रभावकारीता ल्याउन प्रदेश तथा स्थानीय तहको सहभागितामा वार्षिक समीक्षा तथा अनुभव आदानप्रदान कार्यक्रम आयोजना गर्ने। |
| ५ | प्रदेशबाट कार्यान्वयन गरिएको आयोजना छनौट, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दा जिल्ला समन्वय समिति, स्थानीय तहको समेत सहभागिता सुनिश्चित हुने व्यवस्था गर्ने। सम्बन्धित स्थानीय तहको कार्यक्षेत्रमा रहेको आयोजनाको प्रदेशबाट अनुगमन गरिएकोमा सोको प्रतिवेदन स्थानीय तहमा समेत उपलब्ध गराउने। |
| ६ | प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भई स्थानीय तहमा सञ्चालित आयोजनाहरुको प्रगति कर्णाली प्रदेश अनुगमन प्रणालीमा निरन्तर प्रविष्टी गर्ने व्यवस्था मिलाउने। |
| ७ | स्थानीय तहको विषयगत शाखा र प्रदेश सरकारको जिल्लास्थित विषयगत कार्यालयबीच आयोजना कार्यान्वयनमा प्रभावकारी समन्वय गर्ने। |
| ८ | कर्णाली प्रदेशको प्रथम पञ्चवर्षिय योजना र दीगो विकास सम्बन्धी राष्ट्रिय तथा प्रादेशिक लक्ष्यहरुमा समेत सहयोग पुग्ने गरी प्रदेश तथा स्थानीय तहले आफ्नो वार्षिक बजेट तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने। |
| ९ | कोभिड १९ को तेस्रो लहरबाट हुनसक्ने जोखिम तथा क्षती न्यूनीकरणका लागि आवश्यक पर्ने खोप, स्वास्थ्य उपकरण, जनशक्ति र पूर्वाधारको समुचित व्यवस्थापन गर्न प्रदेश र स्थानीय तहबीच समन्वयात्मक रुपमा कार्य गर्ने। स्थानीय तहमा सञ्चालित खोप कार्यक्रम लगायतका कार्यहरुको निरन्तर प्रगति विवरण तोकिए बमोजिम प्रतिवेदन तथा प्रविष्टी गर्ने। |

| सि.नं. | निर्णय |
|---|---|
| १० | विपद् जोखिम व्यवस्थापनमा प्रभावकारिता ल्याउन स्थानीय तहमा स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना गर्न प्रदेश सरकारले आवश्यक सहयोग गर्ने। स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र, प्रादेशिक आपतकालिन कार्यसञ्चालन केन्द्र र राष्ट्रिय आपतकालिन कार्यसञ्चालन केन्द्रबीच आवद्धता कायम गर्ने। |
| ११ | विपद् प्रभावित व्यक्ति तथा परिवारको राहत तथा पुनःस्थापना कार्यमा समन्वय, साझेदारीमा सहभागिता गरी दोहोरोपना हटाई एकरुपता कायम गर्ने। |
| १२ | संघीय तथा प्रादेशिक सडकसँग स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माणमा प्रदेश सरकारले विशेष प्राथमिकता दिने र स्थानीय तहले स्थानीय तहको केन्द्रबाट वडा केन्द्र जोड्ने सडक निर्माण कार्यलाई प्राथमिकता दिने। |
| १३ | प्रदेश तथा स्थानीय तहको सेवा प्रवाह सम्बन्धमा जनताको गुनासो, जिज्ञासा र सुझावलाई उचित सम्बोधनको लागि हाल सञ्चालनमा रहेको हेलो मुख्यमन्त्री हटलाइन सेवालाई स्थानीय तहको गुनासो व्यवस्थापन संयन्त्रसँग आवद्धता गर्ने। हेलो मुख्यमन्त्री हटलाइन सेवामा प्राप्त गुनासाहरु मध्य स्थानीय तहको अधिकार क्षेत्र भित्रको विषयको सन्दर्भमा सम्बन्धित स्थानीय तहबाटै गुनासो सम्बोधन हुने व्यवस्था मिलाउने। |
| १४ | कर्णाली प्रदेश समन्वय परिषदबाट हालसम्म भएका निर्णयहरुको कार्यान्वयन सम्बन्धी जिल्लागत प्रतिवेदन जिल्ला समन्वय समितिले र एकीकृत प्रतिवेदन प्रदेश समन्वय परिषद्को सचिवालयले त्रैमासिक रुपमा प्रकाशन गर्ने। त्यस्तो प्रतिवेदन माथि प्रदेश समन्वय परिषद्को आगामी बैठकमा छलफल तथा समीक्षा गर्ने। |
| १५ | कर्णाली प्रदेशका सबै स्थानीय तहहरुको विकास योजना सम्बन्धी विस्तृत गुरुयोजना प्रदेश र स्थानीय तहको सहभागितामूलक विधीबाट तयार गर्ने र सो कार्यका लागि प्रदेशले आवश्यक सहयोग र सहकार्य गर्ने। प्रदेश तथा स्थानीय तहहरुले सोही गुरुयोजनाले तोकेको प्राथमिकताको क्षेत्रमा रहेका आयोजनाहरु मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउने। |
| १६ | जनसंख्यालाई मात्र आधार मान्दा कर्णालीलाई राजश्व बाँडफाँड न्यून प्राप्त भएको सन्दर्भमा भूगोललाई अधिक भार दिई राजश्व बाँडफाँडको न्यायोचित विधि तयार गर्न प्राकृतिक स्रोत तथा वित्त आयोग र नेपाल सरकारलाई अनुरोध गर्ने। |
| १७ | अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम स्थानीय तहले उठाएको राजश्व मध्ये प्रदेश सरकारलाई बुझाउनु पर्ने राजश्वको हिस्सा कतिपय स्थानीय तहबाट समयमा प्राप्त नहुँदा प्रदेश सरकारको आय न्यून देखिएको हुँदा संवैधानिक तथा कानूनी रुपले बाँडफाँड हुनुपर्ने राजश्व समयमा नै बाँडफाँड गरी पठाउने व्यवस्था गर्ने। |
| १८ | कर्णाली प्रदेश समन्वय परिषद्को पाँचौं बैठकमा सहभागी भई बैठकलाई सफलतापूर्वक सम्पन्न गर्न र परिणाममुखी बनाउन सहयोग गर्नुहुने परिषद्का सम्पूर्ण सदस्य, माननीय मन्त्रीज्यू, सचिवज्यूहरु, व्यवस्थापनमा खटिएका अन्य कर्मचारी र सञ्चारकर्मी लगायत सबैलाई धन्यवाद दिने। |

**<u>छैटौं बैठक</u>**

**मितिः २०७९ भाद्र २८ गते**

| *सि.नं.* | *निर्णय* |
|---|---|
| १ | कर्णाली प्रदेश समन्वय परिषद्को पहिलोदेखि पाँचौ बैठकले गरेका निर्णयहरू र सोको कार्यान्वयन अवस्थाको सम्बन्धमा बैठकमा प्रस्तुतीकरण भई छलफल तथा समीक्षा गरियो। |
| २ | तीन तहको अन्तरसम्बन्धको आधारको रुपमा रहेको समन्वय, सहकार्य र सहअस्तित्वको संवैधानिक मर्म अनुरुप प्रदेश तथा स्थानीय तह बीचको समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन यसलाई आत्मसात् गर्दै आ-आफ्नो तहबाट पहल गर्ने र भूमिकालाई प्रभावकारी बनाउने। |
| ३ | प्रदेश र स्थानीय तहका योजनाको छनौट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको कार्यमा सामञ्जस्यता कायम गरी योजना दोहोरोपना हुने, असान्दर्भिक योजना छनौट हुने, योजना र बजेट बीच तालमेल नहुने र कार्यान्वयनमा अपनत्व कायम नहुने जस्ता समस्या हटाउन प्रदेश र स्थानीय तहले योजना छनौट, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दा आपसी समन्वय र सहकार्य गर्ने। |
| ४ | प्रदेश सरकारबाट योजना छनौट गर्दा स्थानीय तह मार्फत प्राप्त योजनाहरूलाई प्राथमिकता दिने। प्रदेश तथा स्थानीय तहले योजना छनौट गर्दा प्रदेश र स्थानीय तहको आवधिक तथा दीर्घकालीन योजनाका आधारमा छनौट गर्ने। प्रदेशले प्रदेश परियोजना बैङ्क र स्थानीय तहले स्थानीय परियोजना बैङ्क तयार गरी परियोजना बैङ्कमा समावेश भएका परियोजनाहरू छनौट गर्ने। |
| ५ | स्थानीय तहको विकासलाई प्रभावकारी बनाउन सहयोग गर्ने स्थानीय तहको संस्थागत क्षमता स्वःमूल्याङ्कन, वित्तीय जोखिम मूल्याङ्कन, बालमैत्री स्थानीय शासन, जलवायु परिवर्तनमैत्री स्थानीय शासन, स्थानीय आर्थिक विकास र टोल विकास संस्था परिचालन जस्ता स्थानीय तहको सुशासनका औजारहरूको सूचकहरू विकास गरी उक्त सूचकहरू प्राप्ति एवम् सूचकहरुलाई अपनत्व/ स्वामित्वकरण गर्नेतर्फ सबै स्थानीय तह केन्द्रित हुने। यसका लागि प्रदेश सरकारले आवश्यक नीतिगत, संस्थागत र कार्यगत व्यवस्थाका लागि समन्वय र सहजीकरण गर्ने। |
| ६ | स्थानीय तहको संस्थागत क्षमता स्वःमूल्याङ्कनका कतिपय सूचकहरू कर्णाली प्रदेशका लागि अव्यवहारिक र न्यायसंगत नदेखिएकोले त्यस्ता सूचकहरूलाई समसामयिक, सान्दर्भिक र व्यवहारिक बनाउन सम्बन्धित निकायमा लेखी पठाउने। |
| ७ | सबै स्थानीय तहले आफूले निर्माण गरेका कानूनहरू प्रदेश सरकारमा पठाउनु पर्ने कानूनी व्यवस्थालाई सबै स्थानीय तहले कार्यान्वयन गर्ने। प्रदेश सरकारले यसका लागि प्रदेश तथा स्थानीय तहको एकीकृत कानूनी पोर्टल तयार गरी व्यवस्थित गर्ने। |
| ८ | विपद् व्यवस्थापनको क्रममा खोज, उद्धार, राहत र पुनःस्थापनाका लागि प्रदेश र स्थानीय तहबीच आवश्यक कार्यगत समन्वय र सहकार्य गर्ने। |
| ९ | प्रदेश समन्वय परिषद्बाट हालसम्म भएका निर्णयहरूको अध्ययन तथा विश्लेषण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सात दिनभित्र यसको एकीकृत कार्यान्वयन कार्ययोजना बनाई सबै जिल्ला समन्वय समिति, नगरपालिका, गाउँपालिका र प्रदेशको सम्वद्ध मन्त्रालयमा पठाउने। यसको कार्यान्वयन अवस्था त्रैमासिक रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिकीकरण गर्ने। |